# झिमरुक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# मच्छी, प्यूठान
# ५ नं. प्रदेश, नेपाल

पत्र संख्या :- २०७५/०७६
चलानी नं. :- ६३६

मिति :- २०७५/११/१५

विषय :- विपन्न नागरिक औषधी उपचार सिफारिस सम्वन्धमा ।

श्री सबै वडा कार्यालयहरु ।

प्रस्तुत विषयमा स्वास्थ्य कार्यालय प्यूठानको च.नं. ९९ मिति २०७५/११/०१ को पत्रानुसार विपन्न नागरिकका लाँगि कडा प्रकारका रोगहरुको उपचारका लागि सहुलियत सिफारिस हाल सम्म "**विपन्न नागरिक औषधी उपचार कोष निर्देशिका २०७० र दोश्रो संशोधन २०७३** "वमोजिम स्वास्थ्य कार्यालय प्यूठानवाट जिल्ला सिफारिस समिति मार्फत हुदै आएकोमा नेपाल सरकार माननीय उपप्रधान एवम् स्वास्थ्य तथा जन संख्या मन्त्री ज्यूवाट मिति २०७५/०८/१० मा स्वीकृत प्राप्त भै **विपन्न नागरिक औषधी उपचारकोष निर्देशिका, २०७५** जारी भएको हुँदा अव उप्रान्त सोही निर्देशिकाको दफा ३ को उपदफा ४ वमोजिम विपन्न नागरिकलाई औषधी उपचार सहुलियत उपलब्ध गराउने प्रयोजनका लागि स्थानीय तहमा गठन हुने सिफारिस समितिवाट सोझै सिफारिस गर्न सकिने भएको हुँदा निर्देशिकामा उल्लेख भएको अनुसूचीहरु १ र २ को प्रक्रिया पुरा गरी स्थानीय तहवाटै सिफारिसको व्यवस्था मिलाउनु हुन भनी लेखि आएको हुँदा यस झिमरुक गाउँपालिकावाट विपन्न नागरिकका लागि कडा प्रकारका रोगहरुको उपचारका लागि सहुलियत सिफारिस गरी दिने व्यवस्था भएकोले तँहा वडा कार्यालयवाट **विपन्न नागरिक औषधी उपचारकोष निर्देशिका, २०७५** वमोजिम गाउँपालिकाको कार्यालयमा सिफारिस गरी पठाउनु हुन निर्देशन अनुसार अनुरोध छ । साथै निर्देशिकाको प्रतिलिपि यसै पत्रसाथ संलग्न गरी पठाईएको छ ।

२०७५/११/१५
कमल प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत